**श्री नं. २ तालिम गण सैनामैना रुपन्देहीको**
**घर ब्यारेक मर्मत सुधार सम्बन्धी**
**विद्युतिय सिलबन्दी दरभाउपत्र आव्हानको**
**सूचना नं.NA/N2T/075/76/02**

**प्रथम पटक प्रकाशित मिति २०७५/१२/१२ गते ।**

१. श्री नं २ तालिम गणमा भएका घर ब्यारेक मर्मत (सिग्नल केन्द्र, जवान लाईन, अफिसर मेश, जिम हल, बकासी लाईन र JCO Recreation Hall मा False Celing राख्ने) कार्य गर्नको लागि यसै सुचना मार्फत बिद्युतिय सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ । उल्लेखित निर्माण कार्यको अनुमानित लागत मूल्य मु.अ.कर सहित रु.९,००,०००।०० रहेको छ ।

२. सिलबन्दी दरभाउपत्र पेश गर्न ईच्छुक र योग्य दरभाउपत्रदाताहरूले थप जानकारीको लागि वा सिलबन्दी दरभाउपत्र सम्बन्धी फाराम हेर्नको लागि यस नं.२ तालिम गण, सैनामैना ब्यारेक रुपन्देहीको टेलिफोन नं.०७१-४०५१४० मा सम्पर्क राख्न वा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाईट www.bolpatra.gov.np/egp मा र नेपाली सेनाको वेभसाईट www.nepalarmy.mil.np/tender मा हेर्नसकिनेछ ।

३. योग्य निर्माण व्यवसायीले *सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाईट* www.bolpatra.gov.np/egp *बाट सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात डाउनलोड गर्न सक्नेछन् । विद्युतीय सिलबन्दी दरभाउपत्र पेश गर्न चाहने निर्माण व्यवसायीहरुले निम्न खातामा दरभाउपत्र दस्तुर अनिवार्य जम्मा गरी* जम्मा गरेको सक्कल भौचर Scan गरी PDF Format मा Upload गर्नु पर्नेछ।

दरभाउपत्र दस्तुर: रु १,०००।००
खाता संचालन गर्ने कार्यालय: नं. २ तालिम गण
कार्यालय कोड नं.:३४५०१४८०५
बैंकको नाम : कृषि बिकास बैंक लिमिटेड
बैंकको ठेगाना : भैरहवा
राजस्व खाता नं. : ०१००२०१२७७००९०१६
राजश्व शिर्षक नं. १४२२९

४. सिलबन्दी दरभाउपत्रहरु मिति २०७५/१२/२७ गतेको १२०० बजे भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाईट www.bolpatra.gov.np/egp बाट पेश गर्नुपर्नेछ ।

५. प्राप्त भएका सिलबन्दी दरभाउपत्रहरु मिति २०७५/१२/२७ गतेको १३०० बजे उपस्थित हुन चाहने निर्माण व्यवसायीका प्रतिनिधिहरुको रोहबरमा नं.२ तालिम गण, सैनामैना, रुपन्देहीमा खोलिनेछ । दरभाउपत्रको मान्य अवधि दरभाउपत्र खोलिएको दिनदेखि गणना हुने गरी ४५ दिनको हुनेछ । दरभाउपत्रको साथ रु.२७,०००।०० दरभाउपत्र जमानत (नेपाल राष्ट्र बैंकबाट “क” बर्गको ईजाजत प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको) अनिवार्य रुपमा पेश गर्नुपर्नेछ र त्यस्तो दरभाउपत्र जमानतको मान्य हुने,अवधि दरभाउपत्रको मान्य अवधिभन्दा कम्तिमा पनि ३० दिन बढी हुनु पर्नेछ । दरभाउपत्रदाताले जमानत बापत नगदै राख्न चाहेमा कोष तथा लेखा नियन्त्रक कार्यालय रुपन्देहीको कृषि बिकास बैंक लिमिटेड, भैरहवा शाखामा रहेको धरौटी खाता नं.०४१४३०१०१४२५३०२७ मा यस कार्यालयको कार्यालय कोड नं.३७-३४५-१२ बाट रकम जम्मा गर्न सकिनेछ र रकम जम्मा गरेको सक्कल भौचर Scan गरी PDF Format मा बिद्युतीय प्रणालीको माध्यमबाट Upload गर्नु पर्नेछ।

६. दरभाउपत्र खरिद गर्ने, पेश गर्ने वा खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछिको लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ । यस्तो अवस्थामा दरभाउपत्र तथा दरभाउपत्र जमानतको मान्य अवधि साविककै मितिदेखि गणना गरिनेछ ।

(जित बहादुर लामा)
प्रमुख सेनानी
गणपति